म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१४ | अङ्क:- १८४ | २०८० जेठ १५ गते सोमबार 29 May 2023, Monday - | पृष्ठ ४ | मूल्य रू. ५/-




### बागमती प्रदेश सरकारको नीति तथा कार्यक्रमः

## प्रदेशको समृद्धि र दिगो विकासमा जोड

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशले उच्च आर्थिक वृद्धि, सामाजिक न्याय तथा वातावरण संरक्षणको माध्यमबाट प्रदेशको समृद्धि र दिगो विकासमा जोड दिने नीति लिएको छ । आइतबार बागमती प्रदेश प्रमुख यादवचन्द्र शर्माले आर्थिक वर्ष २०८०/०८१ को प्रदेश सरकारको नीति तथा कार्यक्रम प्रस्तुत गर्दै सन्तुलित विकास र समृद्धिमा योगदान गर्नसक्ने उच्च प्रतिफलयुक्त ठूला आयोजनाको पहिचान गरी कार्यान्वयनमा लैजाने नीति लिएको जानकारी गराउनुभयो ।

यस्तै, संविधान प्रदत्त अधिकारहरुको प्रभावकारी कार्यान्वयनमार्फत् प्रदेशको भूमिकालाई थप प्रभावकारी बनाउन संघीय सरकार तथा स्थानीय सरकारसँगको सहकार्य र समन्वयलाई मजबुत बनाइने नीति अघि सारिएको छ ।

पुँजी निर्माण, उत्पादकत्व र उत्पादन वृद्धि तथा रोजगारको अवसर सृजनाका लागि साधन स्रोत केन्द्रित गर्ने नीति प्रदेश सरकारको छ । सार्वजनिक खर्चमा मितव्ययिता, स्रोतसाधन परिचालनमा दक्षता र विनियोजन कुशलता अभिवृद्धि गरी बजेटको परिणाममुखी कार्यान्वयन सुनिश्चित गर्दै उत्पादनमूलक क्षेत्रमा लगानी अभिवृद्धि गर्ने नीति लिइने सार्वजनिक नीति तथा कार्यक्रममा उल्लेख छ ।

वित्तीय संघीयतालाई थप सबल बनाउन आवश्यक नीतिगत व्यवस्था लिइने भएको छ । प्रदेश सरकारले कार्यान्वयन गर्ने योजना तथा कार्यक्रमहरुको न्यूनतम रकम सीमा निर्धारण गरी सो सीमाभन्दा न्यून रकमका आयोजना तथा कार्यक्रमहरु स्थानीय तहमा हस्तान्तरण गर्ने नीति लिइनेछ ।

आन्तरिक आय परिचालन न्यून रहेका स्थानीय तहमा वित्तप्य हस्तान्तरणअन्तर्गत् थप कार्यक्रम तथा बजेट विनियोजन गर्ने नीति तथा कार्यक्रममा उल्लेख छ । प्रदेश गौरवको आयोजना छनौट गर्ने मापदण्ड तर्जुमा गरिने भएको छ । प्रदेश गौरवको आयोजना तोकिएको समयभित्र सम्पन्न गर्ने व्यवस्था मिलाउनेसमेत नीति तथा कार्यक्रममा उल्लेख छ ।

सूचना प्रविधिको उपयोगमार्फत् प्रदेश सरकारको बजेट तर्जुमा खर्चको लेखांकन अभिलेख तथा प्रतिवेदन प्रणालीमा एकरुप ल्याई वित्तीय अनुशासन कायम गरिनेछ । प्रदेशका नागरिकको वित्तीय सेवामा पहुँच अभिवृद्धि गर्दै लगिनेछ । प्रदेश सरकारको लगानीमा स्थापना हुने संस्थाहरुको सञ्चालनका लागि सम्भाव्यता अध्यनन गरी कार्य अगाडि बढाउने प्रदेश प्रमुख शर्माले प्रस्तुत गर्नुभएको नीति तथा कार्यक्रममा उल्लेख छ ।

करको दायरा विस्तार तथा राजस्व चुहावट नियन्त्रणमा जोड दिने नीति प्रदेश सरकारको हुनेछ । प्रदेश सरकारको राजस्वसँग सम्बन्धित सूचना र अभिलेख प्रणालीलाई व्यवस्थित बनाउँदै राजस्व संकलनलाई सहज बनाइनेछ । प्रदेश सरकारको आयमा आन्तरिक आयको योगदान क्रमशः वृद्धि गर्दै लगिने नीति तथा कार्यक्रममा उल्लेख छ ।

## प्रदेश सरकारले प्रहरी चौकी बनाउँदै, ६ करोड १५ लाख बजेट

समाज संवाददाता

हेटौंडाः धन नभए पनि मन भए चाहेको पूरा हुन्छ भन्ने नेपाली उक्ति नै छ । यस्तै चाहना पूरा गर्दैछ बागमती प्रदेश सरकार । संघीय सरकारमातहतको प्रहरीका लागि बागमती प्रदेश सरकारले नियमित लगानी गरिरहेको छ। आइतबार बसेको प्रदेश मन्त्रिपरिषद्को बैठकले ५ वटा प्रहरी चौकी भवनका लागि ६ करोड १५ लाख ५६ हजार रुपैयाँ बजेट उपलब्ध गराउने निर्णय गरेको छ ।

प्रदेश सरकारले चितवन जिल्लाको सौराहास्थित प्रहरी चौकी निर्माणका लागि ९७ लाख ३३ हजार, जिल्ला प्रहरी कार्यालय मकवानपुरको महिला व्यारेक भवन निर्माणका लागि ८४ लाख २२ हजार, सिन्धुली जिल्लाको प्रहरी चौकी खाङसाङको भवन निर्माणका लागि १ करोड ३ लाख ३९ हजार रुपैयाँ दिने निर्णय गरेको छ । यस्तै जिल्ला ट्राफिक कार्यालय रामेछापको भवन निर्माणका लागि १ करोड ३२ लाख ६१ हजार रुपैयाँ र मकवानपुरगढीस्थित इलाका प्रहरी कार्यालयको भवन निर्माणका



लागि १ करोड ९८ लाख १ हजार रुपैयाँ बजेट उपलब्ध गराउने निर्णय गरेको छ ।

आइतबारको बैठकले प्रदेशका १० जिल्लाका १० पालिकालाई १० लाख रुपैयाँका दरले स्थानीय विपद् कोषमा १ करोड रुपैयाँ जम्म गर्ने निर्णय गरेको छ । प्रदेश सरकारले दोलखाको गौरीशंकर गाउँपालिका, रामेछापको गोकुलगंगा गाउँपालिका, सिन्धुपाल्चोकको बाह्रबिसे नगरपालिका, नुवाकोटको म्यागङ गाउँपालिका, रसुवाको नौकुण्ड गाउँपालिका, धादिङको त्रिपुरासुन्दरी गाउँपालिका, काभ्रेपलाञ्चोकको बेथानचोक गाउँपालिका, मकवानपुरको राक्सिराङ गाउँपालिका, सिन्धुलीको मरिण गाउँपालिका र चितवनको इच्छाकामना गाउँपालिकाको स्थानीय विपद्कोषमा १० लाख रुपैयाँका दरले बजेट उपलब्ध गराउने निर्णय गरेको हो ।

यस्तै प्राकृतिक विपद् तथा जोखिम न्यूनीकरणका लागि स्थानीय तहहरुलाई थप सशर्त अनुदान दिने निर्णय गरेको छ । नुवाकोटको म्यागङ र दुप्चेश्वर गाउँपालिकालाई क्रमशः ३० लाख र १ करोड १० लाख रुपैयाँ र मकवानपुरको मकवानपुरगढी गाउँपालिकालाई ५० लाख गरी कुल १ करोड ९० लाख रुपैयाँ अनुदान दिने निर्णय गरेको छ ।

विज्ञान प्रविधि नवप्रवर्तन तथा विकास कोष सञ्चालनसम्बन्धी विधेयक तर्जुमा सम्बन्धमा सैद्धान्तिक स्वीकृति दिने निर्णय गरेको बैठकले सिन्धुली अस्पतालमा भएको घटनामा भौतिक संरचनाको क्षतिको मर्मत गर्न १० लाख रुपैयाँ सहयोग गर्ने निर्णय गरेको छ ।



# सम्पादकीय

## गणतन्त्रको अनुभूति होस्

आज जेठ १५ गते, १६ औं गणतन्त्र दिवस । विविध कार्यक्रम गरेर संघीय तथा प्रदेश सरकारहरुले यो दिवस मनाइरहेका छन् । २०६५ सालमा आजकै दिन नेपाललाई गणतन्त्रात्मक मुलुक घोषणा गरेर गणतन्त्र कार्यान्वयनमा ल्याइएको थियो । संविधानसभाको पहिलो बैठकले राजतन्त्रको विधिवत अन्त्य गर्दै मुलुकमा गणतन्त्र घोषणा गरिएको थियो । यसअघि दोस्रो जनआन्दोलनको अन्त्यसँगै पुन:स्थापना भएको तत्कालीन प्रतिनिधिसभाले २०६३ जेठ ४ गते विशेष घोषणा गर्दै राजाको अधिकार कटौती गरेपछि नै मुलुक गणतन्त्रतर्फ उन्मुख भएको भए पनि गणतन्त्रको औपचारिक कार्यान्वयन भने २०६५ जेठ १५ बाट भएको हो । मुलुकमा गणतन्त्र कार्यान्वयनमा आएको डेढ दशक पूरा भए पनि गणतन्त्रको वास्तविक सुखानुभूति आम नेपालीले गर्न पाएका छैनन् । गणतन्त्रको मूल्य, मान्यता र सिद्धान्तबमोजिम स्वभाविक गतिमा मुलुक अगाडि बढ्न सकेको छैन । सर्वसाधारणले अहिलेसम्म गणतन्त्र र पहिलाका अन्य व्यवस्थाबीचको अन्तर अनुभूति गर्नै पाएका छैनन् ।

गणतन्त्र विश्वमै उत्कृष्ट मानिएको शासन व्यवस्था हो । नेपालमा २ सय ५० वर्ष पुरानो राजतन्त्रलाई फालेर गणतन्त्र ल्याएको भए पनि गणतन्त्रको वास्तविक लाभ मुलुक र जनताले प्राप्त गर्न सकेका छैनन् । गणतन्त्र आएपछि पनि सो अनुकूलको संविधान निर्माणमा करिब ८ वर्ष बित्यो । संघीय गणतान्त्रिक शासन व्यवस्थासहितको संविधान कार्यान्वयनमा आइसकेपछि मुलुकको राजनीतिमा स्थिरता आउने आशा निराशामा बदलिएको छ । अहिले पनि मुलुक राजनीतिक अस्थिरतामै गुज्रिरहेको छ । सरकारले आम नागरिकको अपेक्षाअनुसार काम गर्न नसकेको मात्रै छैन, राजनीतिक दलहरुबीच सरकारको नेतृत्व गर्न अस्वभाविक गठनबन्धन चलिरहेको छ । गणतन्त्र स्थापनापछिको डेढ दशकको अवधिमा मलुकमा १३ वटा सरकार परिवर्तन भइसकेको छ । गिरिजाप्रसाद कोइराला प्रधानमन्त्री हुँदा गणतन्त्र कार्यान्वयनमा आएकोमा त्यसपछि पुष्पकमल दाहाल प्रचण्ड, माधवकुमार नेपाल, झलनाथ खनाल, डा.बाबुराम भ राई, खिलराज रेग्मी, केपी शर्मा ओली, शेरबहादुर देउवा, सुशील कोइरालालगायत एकदेखि धेरै पटक प्रधानमन्त्री बनिसकेका छन् ।

राजनीतिक दलहरुले आफ्नो दलीय तथा व्यक्तिगत स्वार्थका लागि गणतान्त्रिक अधिकारको उपयोग गर्दा आम नागरिकले गणतन्त्रको वास्तविक सुखानुभूति गर्न सकेका छैनन् । गणतन्त्रले दिएका सुविधा तथा अवसरहरु नेता र तिनका आसेपासेले पाउँदा आम नागरिक भने आफ्नै दु:ख र पीडामा बाँच्न बाध्य छन् । नागरिकलाई सार्वभौम र अधिकारसम्पन्न बनाएको भनिए पनि वास्तविकतामा त्यो देखिँदैन । यसबीचमा राजनीतिक दलहरुले मुलुकमा अस्थिरता बढाएका मात्र नभई बेथिति, अराजकता, दण्डहिनता र भ्रष्टाचारलाई मौलाउने अवसर दिइरहेका छन् । गणतन्त्रको वास्तविक अनुभूति नागरिकले गर्न नसक्नुमा गणतन्त्र प्राप्तिका लागि लडाइँ लड्ने र आन्दोलन गर्ने दल तथा शीर्ष नेतृत्वकै भूमिका कमजोर देखिएको छ ।

गणतान्त्रिक शासन व्यवस्थामा पनि आफूले सोचेजस्तो परिवर्तन नभएपछि आम नागरिकमा निराशा बढ्दै गएको छ । संघ, प्रदेश र स्थानीय सरकारबीच अधिकार कार्यान्वयनमा देखिएको अन्यौलता र अस्पष्टताले संघीयता र गणतन्त्रको मूल मर्म सार्थक बन्न सकेको छैन । गणतन्त्रको नाममा अराजकता र दण्डहिनता बढ्दै जाँदा र राजनीतिक नेतृत्व देशी, विदेशी शक्तिकेन्द्रको इशारामा परिचालित हुँदा गणतन्त्रप्रतिको विश्वास कमजोर बन्नेछ । यस्ता गतिविधिले मुलुकको विकास र समृद्धिमा मात्र नभई मुलुकको सार्वभौमिकता र अखण्डतामा आँच आउन सक्नेतर्फ राजनीतिक दल र तिनका नेतृत्व गम्भीर बन्नु आवश्यक छ । १६ औं गणतन्त्र दिवस मनाइरहँदा आम नेपालीले गणतन्त्रको वास्तविक सखानुभूति गर्न सकुन्, गणतन्त्र दिवसको सबैमा शुभकामना ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : वादविवादका कामहरुमा सामेल भइने योग छ ।
**वृष** : मिहिनेतको नतिजा लाभप्रद नै रहने योग छ ।
**मिथुन** : कार्यक्षेत्रका समस्या र चुनौति पन्छाइने समय छ ।
**कर्कट** : साझेदारी र सट्टापट्टाका कामबाट लाभ प्राप्त ।
**सिंह** : व्यापार–व्यवसायमा दौडधूप गर्नुपर्ने समय ।
**कन्या** : महत्वकांक्षा जागनाले व्यय बढ्नेछ ।
**तुला** : रोकिएका कामहरु बन्ने समय योग छ ।
**वृश्चिक** : आफूभन्दा ठूलाको कृपापात्र बनिएला ।
**धनु** : विपरीत परिस्थितिसँग जुध्ने समय योग छ ।
**मकर** : आस्था र विश्वासले काममा पूर्णता प्राप्त ।
**कुम्भ** : रिस र आवेगलाई कन्ट्रोल गर्दा राम्रो होला ।
**मीन** : असहज परिस्थिति हट्दै जाने समय छ ।

# संघीय गणतान्त्रिक बहुदलीय व्यवस्थाको शुद्धीकरण



डा. सुमनकुमार रेग्मी




परापूर्व कालदेखि नेपाल निरंकुश एकतान्त्रिक सामन्ती प्रणालीबाट चल्दै आएको थियो । एक्काइसौं शताब्दीमा पनि सोही प्रणाली अवलम्बन गरी राज्यव्यवस्था सञ्चालन गर्नुलाई अदूरदर्शी नीतिको उपज मानियो ।

लोकतान्त्रिक संघीय व्यवस्था र राष्ट्रपति व्यवस्था स्थापना हुनुलाई पनि यसैको उपजका रूपमा बुझ्न सकिन्छ । दुई ठूला देशहरूबीचमा रहेर आफ्नो अस्तित्वमा सतर्क रहनसमेत कठिन सम्भावनाबाट बच्न सीमातिरबाट हुने नेपालको भौगोलिक सीमा अतिक्रमणले सोच्न बाध्य पारेको छ । राजनीतिक तरलतालाई अवसर पारेर सीमास्तम्भहरुको व्यवस्थापनमा नेपालीहरूका बाध्यात्मक परिस्थितिको फाइदा अरुले लिएको देखिन्छ।

देशमा राष्ट्रपति तथा अन्य उच्च पदहरू स्थापित भएको र देशले नयाँ काँचुली र विकासका रेखाहरू कोर्न मद्दत पुग्ने आशा उत्पन्न भएको छ । राज्य सञ्चालनका लागि नेपालको संविधान, २०७२ पछि मिश्रित साम्यवाद बहुमतको चुनावबाट जनस्वीकृति प्राप्त भएको छ। यसका लागि चीनलगायत अन्य देशहरूले छोटो अवधिमा गरेको विकासलाई आधार मानी अघि बढ्न सकिन्छ । तर, देशमा स्थायित्व र शान्ति नभई उद्योगतिर धकेल्दै जाने सम्भावना कम छ। तर, केही महिना दुईतिहाइ मतको कम्युनिस्टको सरकार चले पनि २०७६ पुसतिर आएर गठबन्धनका पार्टीले समर्थन झिक्ने अवस्था देखिएको तर केही महिनाअघि एमाले र नेकपा केन्द्र मिली बहुमतको सरकार २०७८ सम्म कायम थियो ।

तर, २०७८ मा चुनावी सरकारको रूपमा कांग्रेस नेतृत्वको पाँच पार्टीको सरकार भएको बेलामा २०७९ मंसिर ४ मा दोस्रो आमचुनाव भयो । जन्मदै ४० हजारभन्दा बढी ऋण बोकेर जन्मने नेपाली गरिबी र अशिक्षामा रुमल्लिरहेको अवस्था विद्यमान छ । नेपालमा गणतन्त्र स्थापना हुनेबित्तिकै सेवा विकासका पूर्वाधारहरू एकैचोटि समाधान गर्न बजेट र समाधानका लागि सडकमा ओर्लने काम व्याप्त रूपमा बारम्बार गरिन्छ । देशको अनुमोदित संविधानबाहेक अरू संविधान अब बनाउन आवश्यक अब छैन भनिन्छ ।

देशमा देखा परेको कालोबजारसहित दिन दुई गुणा रात चौगुणा मूल्यवृद्धि गराएर रातारात अर्बपति हुने र मौकाको फाइदा लिनेहरूको पनि कमी छैन यहाँ । विकृति नियन्त्रण गर्न जनताले सरकारलाई दबाब दिएको देखिँदैन । यस्तो अवस्थाबाट कर्मचारीतन्त्र पनि अछुतो छैन । नेपालमा बनेका कुनै सरकारले धनी र गरिब बीचको खाडल कम गर्न प्रयाससम्म गरेनन् । फलस्वरूप गरिबी झन्झन् बढ्न गयो ।

नेपालको संविधान, २०७२ आएको सात वर्ष पुगिसकेको छ । ३ सयवटा कानुन बनिसकेको र केही बन्नुपर्ने अवस्था छ । २०४६ सालपछि र त्यसपछि २०६२ सालपछि भएका विकृतिबोध गराउन पार्टीका कार्यकर्ताहरू सोझै जनमानसमा गई सम्पर्क राखी अब नयाँ चेहराका प्रतिनिधिसभामा उम्मेदवार जिताउन आग्रह गर्नुपर्ने बेला आएको छ । संघीय गणतान्त्रिक बहुदलीय व्यवस्थामा कुनै पनि क्षेत्रकाले पाएको अख्तियार दुरुपयोग गर्नेलाई सख्त कारबाही गर्ने निकाय सशक्त हुनुपर्थ्यो र हुनुपर्छ। देशभित्रका विकृतिलाई समस्या नबनाईकन देशभित्रकाले समाधान गर्ने परिपाटी बनाइनुपर्छ । अब आउँदा वर्षहरु नेपालका पार्टीका नेता-कार्यकर्ताहरुले देशमा भएका विकृतिप्रति पश्चात्ताप गर्ने समयावधि हो ।

बहुदलीय व्यवस्थामा भएका विकृति भविष्यमा दोहोरिन नदिनु चुनाव नै परीक्षाको घडी हुन सक्छ । गणतान्त्रिक बहुदलीय व्यवस्थामा नै एकदलीय निरंकुश व्यवस्थाभन्दा विरोधी पक्षका र सरकारका विभिन्न पक्षका विकृति र राम्रा पक्षका विकृत एवम् तथ्यांक पारदर्शी भई बाहिर देखा पर्छ । तर, एकपक्षीय सरकारको व्यवहार त्यस्तो रहँदैन । कुनै पनि देशमा पुँजीवादी पार्टीहरूबीच बहुदलीय शासन प्रणालीमा प्रतिस्पर्धा हुन जान्छ । साम्यवादी पार्टी पनि जनताको मन जितेको खण्डमा चुनाव जितेर सत्तामा आउन सक्छन् ।

२०७३, २०७४ र २०७५ सालमा त देशमा कानुन निर्माणको बाढी नै आयो। २०७६ र २०७७ सालमा ती ऐनका नीतिनियमहरू बने र त्यसपछि देशमा नेकपाको दुईतिहाई बहुमतको सरकार बन्यो, तर अन्तिममा कांग्रेसी सरकारबाट आमनिर्वाचन सम्पन्न भयो । २०७६/७७ पछि त अझ कानुनहरू बन्दै छन् ।

नेपालमा बहुदल स्थापित भएको सात वर्षपछिदेखि २०८० साल आउँदा पनि सबै पार्टीलाई टुटाउने-फुटाउने प्रयास भइरहेकै छ । हाल पनि छ र विगतमा पनि थियो । सिफारिसले पञ्चायत चल्यो । पार्टीभित्र सिफारिसले चलाउन खोजियो । फलस्वरूप अधिकांश पार्टी टुक्रिए । ३० वर्ष शासन गर्ने पञ्चायती विचारधाराका व्यक्तिहरू राप्रप्रामार्फत राजनीति गर्न थाले । पूर्वसामन्तीहरु पनि यिनै पार्टीमार्फत सक्रिय राजनीति गर्न खोजे र खोज्दै छन् ।

पञ्चायत फाल्ने कांग्रेस र कम्युनिस्ट पार्टीहरुको जन्म तीसवर्षे शासन प्रणालीअगाडि नै भएको थियो । १ सय ४ वर्ष शासन गरेका राणाशासन फाल्न कांग्रेस र कम्युनिस्ट पार्टीहरु पहिलेदेखि नै बिनासंगठन भूमिगत रूपमा संघर्षमा थिए । संघीय गणतान्त्रिक बहुदलीय शासन प्रणालीलाई सशक्त पार्न देशमा जनअनुमोदित संविधान, २०७२ निर्माण भएको सात वर्ष बितिसकेको छ । संघीय बहुदलीय व्यवस्था झन् सुदृढ बन्दै जानुपर्नेमा देशमा कोही पनि राष्ट्रिय स्वार्थमा जुट्न सकेनन् । यस्तो अवस्थामा पुँजीवादी व्यक्तिद्वारा प्रतिनिधिसभा सशक्त बन्न सक्छ । बहुदलीय व्यवस्थाले अन्य देशमा जति लोकप्रियता कमाउन सकेको छ त्यति नेपालमा सकेन । फलस्वरूप गणतान्त्रिक बहुदलीय व्यवस्था आयो ।


सबै पार्टी मिलेर भ्रष्टाचारको विरोध कार्यक्रम गरी पार्टी नेता-कार्यकर्तालाई पश्चात्तापको भुमरीमा पार्नु नै पार्टी सुदृढीकरणको उपाय हो । बेलायतमा दुई-तीन सय वर्ष अघिदेखि बहुदलीय शासन नै चलिआएको छ । बेलायतमा पनि दुई-तीन सय वर्षअघि सुरु भएको बहुदलीय व्यवस्थाको पहिलो प्रधानमन्त्रीको काम पछिल्ला प्रधानमन्त्रीका भन्दा गएगुज्रेको थियो । तैपनि आजसम्म

...बाँकी पृष्ठ ३ मा

# पौडी खेल्दा शरीरलाई कस्तो फाइदा पुग्छ ?



रेणु त्वानाबासु



गर्मी छल्न मानिसहरु विभिन्न उपाय अपनाइरहेका हुन्छन् । जस्तै, छाता ओढेर हिंड्ने, सनग्लास, सनस्क्रिन लगाउने, पूरा बाहुला भएको खुल्ला लगाउने लगाउने गरिरहेका हुन्छन् । यसबाहेक गर्मी छल्ने राम्रो उपाय हो पौडी अर्थात् स्वीमिङ ।

स्वीमिङ गर्नका लागि सहरी क्षेत्रमा जताजतै स्वीमिङ पुल (पौडी पोखरी) देख्न सकिन्छ । गाउँघरमा खोलामा गएर पौडी खेल्ने चलन अझै पनि छँदैछ । स्वीमिङ पुलमा बच्चादेखि वृद्धसम्म रमाइरहेका देखिन्छन् । किनकि अहिले स्वीमिङ पुलमा हरेक उमेर समूहका लागि छुट्टाछुट्टै गहिराइ कायम गरिएको हुन्छ। पौडी खेल्न राम्रोसँग जान्ने व्यक्ति जति गहिराइमा पुगे पनि भयो, तर नजान्ने व्यक्ति आफू नडुब्ने गहिराइसम्म खेल्न सक्छन् । स्वीमिङ नजान्नेले ट्युब लिएर पनि खेल्न सकिन्छ।

हिजोआज स्कुलका साना नानीहरुलाई पनि स्वीमिङ लैजाने चलन छ । भक्तपुरको च्याम्हासिंहस्थित मर्निङ ग्लोरी किन्डरगार्डेनकी प्रधानाध्यापक स्वर्णिमा मूल आफ्नो स्कुलका बालबालिकालाई बर्सेनि स्वीमिङ लैजाने गरेको बताउँछिन् ।

'अहिले किताबी शिक्षाभन्दा पनि व्यावहारिक शिक्षामा जोड दिएका कारण पौडी यसरी खेल्ने भनेर फोटोमा देखाउनुभन्दा पनि स्वीमिङ पुलमै लगेर सिकाउँदा प्रभावकारी हुन्छ,' उनी भन्छन् ।

स्वीमिङले मनोरञ्जन प्रदान गर्ने मात्र नभई शरीरलाई स्वस्थ राख्न पनि महत्वपूर्ण भूमिका खेल्छ । गर्मी बढेसँगै स्वीमिङ पुलमा मानिसहरुको चाप बढेको भक्तपुर पलाँसेस्थित काठमाडौं फन भ्यालीका सञ्चालक सुजन थापा बताउँछन् ।

'अहिले स्कुल-कलेजका विद्यार्थीको चाप निकै बढेको छ । अहिले किताबी ज्ञान मात्रै भन्दा पनि व्यावहारिक शिक्षामा ध्यान दिएपछि झन् मन्टेश्वरीका स-साना बालबालिकालाई पनि स्वीमिङ पुलमा ल्याउने गर्छन्,' उनी भन्छन्, 'यहाँ स्वीमिङको साथै पानीमा खेलेर बालबालिकाले अन्य धेरै कुरा सिक्छन् ।'

अहिले शनिबार र सार्वजनिक बिदाको दिन स्वीमिङ पुलमा निकै भीडभाड हुने थापा बताउँछन् ।

### स्वीमिङका फाइदा

पौडी खेल्दा शरीरको सम्पूर्ण भागको व्यायाम हुन्छ । पौडी खेल्दा शरीरका सबै अंग चलायमान हुने भएकाले शरीर स्वस्थ र फूर्तिलो राख्न मद्दत पुग्ने जनरल फिजिसियन डा. रामहरि चापागाईं बताउँछन् । साथै पौडी खेल्दा मनोरञ्जन पनि प्राप्त हुन्छ ।

स्वीमिङले शरीरको हड्डी मजबुत बनाउन, मांसपेशी कसिलो बनाउन, शरीर फिट राख्न सहयोग गर्छ । विभिन्न अध्ययनअनुसार स्वीमिङले बोन मिनरल डेन्सिटी (बीएमडी) र फेमोरल बोन दुवैलाई नियन्त्रण गने र यसो हुँदा हड्डीको वृद्धिमा सहयोग पुग्ने डा. चापागाईं बताउँछन् ।

### स्वीमिङ गरेको शुल्क कति ?

स्वीमिङ पुलको सुविधाअनुसार मूल्य तलमाथि हुन सक्छ । सामान्यतया ३०० रुपैयाँभन्दा बढी स्वीमिङ शुल्क लाग्छ । पाँचतारे होटल र रिसोर्टहरुमा रहेका स्वीमिङ पुलमा भने अलि बढी शुल्क पर्न सक्छ । स्वीमिङ पुलमा विद्यार्थीहरुलाई भने केही छुट दिने गरिएको छ। काठमाडौं फन भ्यालीमा ४५० रुपैयाँ शुल्क लिने गरिएको सञ्चालक थापा बताउँछन् ।

स्वीमिङ गर्दा स्वीमिङ कस्ट्युम अनिवार्य हुन्छ। कुनै स्वीमिङ पुलमा केही रकम तिरेर त्यही कस्ट्युम व्यवस्था पनि गरिएको हुन्छ, तर सकेसम्म आफ्नै स्वीमिङ कस्ट्युम लिएर जाँदा राम्रो हुने थापा बताउँछन् । (स्रोत: अनलाईखबर)

# प्रत्येक निर्वाचन क्षेत्रमा प्राङ्गारिक मल कारखाना विस्तार गरिने



समाज संवाददाता

हेटौंडाः बागमती प्रदेश सरकारले प्रदेशमा एक निर्वाचन क्षेत्र एक प्राङ्गारीक मल कारखाना विस्तार गर्ने निर्णय भएको छ । आइतबार बागमती प्रदेश प्रमुख यादवचन्द्र शर्माले आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम प्रस्तुत गर्दै प्रदेशमा माटोको स्वच्छता कायम गर्दै गुणस्त सुधार गर्न प्राङ्गारिक मलको प्रयोगलाई प्रोत्साहन गर्ने बताउँदै कारखाना विस्तार गर्ने नीति लिएको जानकारी दिनुभयो ।

प्रदेशका नाकरिकलाई खाद्य तथा पोषण सुरक्षाको प्रत्याभूति गराउने नीति प्रदेश सरकारले लिएको छ । कृषि क्षेत्रको व्यावसायिकरणमार्फत् प्रदेश सरकारलाई कृषिमा आत्मनिर्भर गराउने नीति लिएको प्रदेश प्रमुख शर्माले बताउनुभयो ।

संघीय सरकारबाट तोकिएबाहेकका कृषि उपजको न्यूनतम समर्थन मूल्य तोक्ने कार्यलाई निरन्तरता दिने नीति तथा कार्यक्रममा उल्लेख छ । कृषि उत्पादनको उत्पादकत्व वृद्धि गर्न समुदायमा आधारित कृषि कार्यलाई प्रोत्साहन गर्ने, प्रदेशमा कृषि तथा पशुपछी उत्पादन वृद्धि गर्न स्थानीय तहलाई पकेट क्षेत्र घोषणा गरी कार्यक्रम सञ्चालन गर्ने प्रदेश सरकारको नीति तथा कार्यक्रममा जनाइएको छ ।

प्रदेश सरकारले कृषि क्षेत्रमा प्रदान गर्दै आएको अनुदान प्रोत्साहनको व्यवस्थालाई पुनरावलोकन गरी सबै किसिमको पहुँच सुनिश्चितता गर्ने नीति सार्वजनिक गरेको छ । बाँझो जग्गाको सदुपयोग गर्न वैज्ञानिक नीति तय गरी करार खेती कार्यक्रमलाई निरन्तरता दिइनेछ । फलफूलको व्यावसायिक उत्पादनका लागि आधुनिक नर्सरी स्थापना गरी सम्भाव्य क्षेत्रहरुमा समुदायमा आधारित फलफूल विकास कार्यक्रम सञ्चालन गरिने प्रस्तुत नीति तथा कार्यक्रममा उल्लेख छ ।

प्रदेश कृषि विकाससम्बन्धी कानुन निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ । कृषक परिचयपत्र अभियानलाई सार्थक बनाउन प्रदेशमा रहेका किसानलाई व्यावसायिकताको आधारमा वर्गीकृत परिचयपत्र वितरण गरिनेछ । कृषि रुपान्तरणको आधार प्रविधि र पूर्वाधार भन्ने अभियानको अभिवृद्धिका लागि आवश्यक पर्ने प्रविधि र औजार उपलब्ध गराउँदै कृषि पूर्वाधार निर्माणको कार्यक्रम सञ्चालन गरिनेछ ।

कृषिजन्य उत्पादन ब्राण्डिङ र बजारीकरणलाई प्रशोधन गर्नेछ । प्रदेशमा खेती भएको रैथाने जातको बालिको पहिचान, प्रयोग, संरक्षण र प्रवर्द्धन गर्दै उत्पादन, उपभोग तथा बजारीकरण गर्ने नीति लिनेछ । प्रदेश सरकारको साथ किसानलाई राहत भन्ने अभियानको साथमा प्राकृतिक र गैरप्राकृतिक विपदबाट प्रभावित कृषकलाई राहत उपलब्ध गराइनेछ । माछापालन व्यवसायलाई व्यवस्थित र विस्तारित गर्दै मत्स्य क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिने प्रमुख शर्माले प्रस्तुत गर्नुभएको नीति तथा कार्यक्रममा जनाइएको छ ।

समृद्ध समाज राष्ट्रिय दैनिक
www.samriddhasamaj.com.np

# भोलिदेखि हेटौँडामा राष्ट्रिय पुरुष भलिबल



*भलिबल प्रतियोगिताबारे जानकारी दिन आयोजित पत्रकार सम्मेलन ।*

समाज संवाददाता

हेटौँडाः भोलि मंगलबारदेखि खुल्ला पुरुष राष्ट्रिय भलिबल प्रतियोगिता आयोजना हुने भएको छ । स्व. केशवलाल श्रेष्ठ स्मृति केन्द्रीय प्रतिष्ठान र मकवानपुर जिल्ला भलिबल संघको संयुक्त आयोजनामा प्रतियोगिता हुन लागेको हो । आइतबार दिउँसो मकवानपुर जिल्ला खेलकुद विकास समितिमा पत्रकार सम्मेलन गरेर प्रतियोगिताबारे जानकारी गराएको छ ।

प्रतियोगितामा नेपाल आर्मी, सशस्त्र प्रहरी बल, नेपाल प्रहरी, मकवानपुर जिल्ला भलिबल संघ, बागमती प्रदेश भलिबल टिम, मधेश प्रदेश भलिबल टिम, बुटवलको मणिमुकुन्द भलिबल टिम, गण्डकी प्रदेश भलिबल टिम, स्याङ्जाको वालिङ भलिबल टिम र कोशी प्रदेशसबाट झापाको पाथीभरा भलिबल टिम सहभागी हुने मकवानपुर जिल्ला भलिबल संघका अध्यक्ष बसन्तकुमार सिटौलाले जानकारी दिनुभयो । प्रतियोगिता हेटौँडा-४, हुप्रचौर स्थित भलिबल कोर्टमा हुनेछ । प्रतियोगिता जेठ २० गतेसम्म सञ्चालन हुनेछ ।

प्रतियोगिताको विजेता टिमले २ लाख नगदसहित सिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ भने उपविजेताले १ लाख रुपैयाँ नगदसहित सिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ। सेमीफाइनलमा पराजित हुने २ टिमले ५०/५० हजार रुपैयाँ प्राप्त गर्नेछ । प्रतियोगिताको उत्कृष्ट खेलाडीले १५ हजार रुपैयाँ प्राप्त गर्दा विधागत उत्कृष्ट खेलाडीले जनही ५ हजार रुपैयाँ प्राप्त गर्नेछन् । प्रतियोगिताका लागि हेटौंडा उपमहानगरपालिका प्रमुख प्रायोजक रहेको जानकारी दिनुहुँदै सिटौलाले भन्नुभयो, "प्रतियोगिताका लागि प्रदेश खेलकुद विकास परिषद्, ३ र १९ नम्बर वडाले पनि सहयोग गरेको छ ।" प्रतियोगिताका लागि २५ लाख रुपैयाँ खर्च हुने अनुमान गरिएको सिटौलाले बताउनुभयो ।

भलिबल खेलका तत्कालिन प्रमुख राष्ट्रिय प्रशिक्षक रहनु भएका केशवलाल श्रेष्ठको २०७२ सालको महाभूकम्पमा परी निधन भएको थियो । भलिबल खेलमा श्रेष्ठले पुर्‍याउनुभएको योगदानको सम्मान गरेर प्रतिष्ठान गठन गरिएको हो । प्रतिष्ठानले श्रेष्ठको स्मृति र सम्मानमा राष्ट्रिय प्रतियोगिता आयोजना गरिएको प्रतिष्ठानका अध्यक्ष प्रताप विष्टले बताउनुभएको छ । आयोजकले आज सोमबार खेल तालिका सार्वजनिक गर्नेछ । पत्रकार सम्मेलनमा बागमती प्रदेश खेलकुद परिषद्का सदस्य माधवप्रसाद तिमल्सिना, मकवानपुर जिल्ला खेलकुद विकास समितिका अध्यक्ष वेश खड्गी, नगर खेलकुद विकास समितिका अध्यक्ष चन्द्र शाही, मकवानपुर जिल्ला खेलकुद विकास समिति कार्यालयका प्रमुख माधव कोइरालाको पनि उपस्थिति रहेको थियो ।

# आजदेखि हेटौँडामा मेयर कप फुटबल

समाज संवाददाता

हेटौँडाः दोस्रो संस्करणको हेटौँडा मेयर कप फुटबल प्रतियोगिता आज सोमबारदेखि सुरु हुँदैछ । हेटौँडा-५ स्थित पिप्ले-क्याम्पा रंगशालामा हुने प्रतियोगितामा हेटौंडा उपमहानगर पालिकाका १९ वटै वडाको टिम सहभागी हुने नगर खेलकुद विकास समितिका अध्यक्ष चन्द्र शाहीले जानकारी दिनुभयो ।

प्रतियोगिताको खेलतालिका आइतबार सार्वजनिक गरिएको छ । प्रतियोगिताको आज सोमबार दिउँसो २ बजे उद्घाटन हुने जनाएको छ । उद्घाटन खेल वडा नम्बर ३ र १५ बीच हुनेछ । नकआउट चरणमा हुने प्रतियोगिताको फाइनल खेल जेठ २७ गते हुनेछ । प्रतियोगिताको विजेता टिमले नगद २ लाख रुपैयाँसहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ भने उपविजेता टिमले १ लाख ५० हजार रुपैयाँ प्राप्त गर्ने जनाएको छ । यस्तै सेमिफाइनलमा प्रवेश गर्ने दुई टिमलाई ५०-५० हजार रुपैयाँ प्रदान गरिने जनाएको छ । विधागत उत्कृष्ट खेलाडीहरुले नगद ५-५ हजार रुपैयाँ प्राप्त गर्नेछ । पहिलो संस्करणको मेयर कपको उपाधी १० नम्बर वडाले जितेको थियो ।

# मनहरी दुर्घटना अपडेटः मृतक पुरुषको पहिचान खुल्यो

समाज संवाददाता

हेटौंडाः पूर्व-पश्चिम राजमार्गअन्तर्गत् मकवानपुरको मनहरी-९, रजैयामा मिनी ट्रकको ठक्करबाट मृत्यु भएका पुरुषको पहिचान खुलेको छ । मृत्यु हुनेमा भारतको बिहार प्रदेशको बेटिया-१२ का १८ वर्षीय पोषण शेख रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी प्रवक्ता टेकबहादुर कार्कीले जानकारी दिनुभयो ।

शनिबार बिहान ११ बजेर २५ मिनेटको समयमा हेटौंडाबाट चितवनतर्फ जाँदै गरेको ग १ क २२९७ नम्बरको मिनी ट्रकले विपरित दिशाबाट आउँदै गरेको बा ३ ख ८३९४ नम्बरको बसमा सवार शेखलाई ठक्कर दिँदा शेख गम्भीर घाइते भएका थिए । घाइते शेखलाई उपचारका लागि हेटौंडा अस्पतालमा ल्याइएकोमा शनिबार दिउँसो १२ बजेको समयमा डाक्टरले मृत घोषणा गरेका थिए । बस ड्राइभरको सिटभन्दा पछाडि सिटमा झ्यालबाट हात बाहिर निकालिरहेको अवस्थामा शेखलाई ट्रकले ठक्कर दिएको थियो । प्रहरीले ट्रक र बस चालक नियन्त्रणमा लिएर घटनाबारे अनुसन्धान गरिरहेको जनाएको छ ।

हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्यावरोटरी,
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

# पशुपतिनाथ माविका विद्यार्थीलाई साइकल वितरण गरिने

समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्लाको मनहरी गाउँपालिका-४ मा रहेको पशुपतिनाथ माध्यमिक विद्यालयका विद्यार्थीलाई साइकल वितरण गरिने भएको छ । दैनिक एक घण्टा बढी पैदलयात्रा गरी विद्यालय आउन बाध्य भएका विद्यार्थीलाई मनहरी-४ नम्बर वडा कार्यालयको समन्वयमा साइकल वितरण गर्न लागिएको हो ।

शनिबार विद्यालयमा आइपुगेका एक सय १५ थान साइकललाई सोमबारदेखि फिटिङ गरी वितरण गरिने बताइएको छ । ती साइकलहरु १०-१५ दिनभित्र वितरण गरिने जनाइएको छ ।

मनहरी गाउँपालिकाको १० लाख रुपैयाँ अनुदानमा साइकल विद्यालय आइपुगेको हो । करिब १ एक सय ६ जना विद्यार्थी ज्यामिरे मुलखोलादेखि हिँडेर विद्यालय आउने गरेका छन् । एसईई परीक्षा दिएर विद्यार्थी बाहिरिएका र कक्षा-६ मा विद्यार्थी नयाँ थपिएका कारण कति विद्यार्थी एक घण्टा बढी हिँडेर यस शैक्षिक सत्रमा आउने गरेका छन् यकिन नभएको विद्यालयले जनाएको छ । ती विद्यार्थीको पहिचान गरी साइकल वितरण गरिने विद्यालयका प्रधानाध्यापक भानुभक्त आचार्यले जानकारी दिनुभयो ।

विद्यालयले साइकल वितरण कार्यविधि बनाएको छ । कार्यविधिअनुसार एक घण्टाभन्दा बढी हिँडेर विद्यालय आउने विद्यार्थीलाई मात्र साइकल दिइने उहाँको भनाई छ । साइकल पाएका विद्यार्थी अन्य विद्यालय पढ्न गए साइकल फिर्ता गर्नुपर्नेछ । विद्यालयमा ५ सयभन्दा बढी विद्यार्थी अध्ययनरत् छन् ।

सर्पदंश (सर्पको टोकाई) बाट बच्न

- घर वरीपरी सर्प लुक्न सक्ने सम्भावित स्थानको खोजी गरी त्यस्ता ठाउँहरुको व्यवस्थापन गरौं,
- घरवरीपरि सफा राखौं, प्वालहरु टालौं,
- खुलास्थानमा शौच नगरौं,
- खालि खुट्टा नहिडौं, जुत्ता वा गमबुट लगाऔं,
- लठ्ठी लिएर हिँडौ,
- सम्भव भएसम्म खाटमा सुतौं,
- सुत्दा झुलको अनिवार्य प्रयोग गरौं,
- राति हिँड्दा टर्चको प्रयोग गरौं,
- पराल दाउरा आदि निकाल्दा होसियारी अपनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# ३२ जनाले गरे रक्तदान

समाज संवाददाता

हेटौंडाः आइतबार भएको रक्तदान कार्यक्रममा ३२ जनाले रक्तदान गरेका छन् । गणतन्त्र दिवस-२०८० को अवसरमा बागमती प्रदेश स्वास्थ्य मन्त्रालयको आयोजना हातेमालो बचत तथा ऋण सहकारी संस्थाको सहकार्यमा हेटौंडाको बुद्धचोकमा रक्तदान कार्यक्रम भएको हो ।

बागमती प्रदेशका स्वास्थ्यमन्त्री उत्तम जोशी, बागमती प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री गंगानारायण श्रेष्ठ, श्रम, रोजगार तथा यातायातमन्त्री लक्ष्मण लम्सालले रक्तदान गरेर कार्यक्रम उद्घाटन भएको थियो ।

गणतन्त्र दिवसको अवसरमा बागमती प्रदेश सरकारले मुख्यमन्त्रीको संयोजकत्वमा विभिन्न कार्यक्रमको आयोजना गरेको छ । रक्तदान कार्यक्रममा सहकारीका अध्यक्ष हरिप्रसाद पौडेल, नेपाल रेडक्रस सोसाइटी मकवानपुर जिल्ला शाखा सभापति लालबहादुर थापाको उपस्थिति रहेको थियो ।

रक्तसञ्चार केन्द्र हेटौंडामा ७० युनिट रगत स्टक रहेको रक्तसञ्चार केन्द्रका प्राविधिक विष्णुप्रसाद रिमालले जानकारी दिनुभयो । केन्द्रमा रगतको मात्रा धेरै भएपछि लहानमा एक सय युनिट रगत पठाइएको उहाँले बताउनुभयो ।

चितवनमा पनि रगतको अभाव भएकाले रगत संकलन गरेर चितवन पठाउने तयारी भइरहेको उहाँको भनाई छ । पछिल्लो समय नियमितजस्तै रक्तदान कार्यक्रम हुने गरेको जानकारी गराउँदै रिमालले सोमबार बागमतीमा रक्तदान कार्यक्रम हुने बताउनुभयो ।

मूख्यमन्त्री जनता स्वास्थ्य परीक्षण कार्यक्रमसम्बन्धी सूचना

नसर्ने रोगको समयमा नै पहिचान, रोकथाम, उपचार र त्यसबाट हुने जटिलतालाई न्यूनीकरण गर्न स्वास्थ्य परीक्षण गर्ने र आवश्यक सल्लाह सुझाव तथा सेवा उपलब्ध गराउने तथा नसर्ने रोग रोकथाम सम्बन्धी समुदायस्तरमा चेतना अभिवृद्धि गरी रोगको जोखिम न्यूनीकरण गर्ने उद्धेश्यले बागमती प्रदेशमा मूख्यमन्त्री जनता स्वास्थ्य परीक्षण कार्यक्रम लागु गरिएको छ ।

गरिब, विपन्न, लोपोन्मुख तथा अल्पसंख्यक जाति, सहीद तथा बेपत्ता परिवार र सशस्त्र द्वन्दका घाइते व्यक्ति, महिला स्वास्थ्य स्वयंसेविका र लोकतान्त्रिक आन्दोलनका घाइते व्यक्तिलाई यस कार्यक्रमअन्तर्गत तोकिएको सेवामा निःशुल्क उपचारको व्यवस्था गरिएको छ ।

बाँकी अन्य सर्वसाधारणको लागि यस कार्यक्रमअन्तर्गत तोकिएको सेवामा २५ प्रतिशत छुटको व्यवस्था गरिएको छ ।

बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
हेटौडा, मकवानपुर, नेपाल

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ